# विगु गाउँ कार्यपालिकाको मिति २०७९/०४/२५ गतेको प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु :**

१. करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा नविकरणका सम्बन्धमा ।

२. रिक्त पदमा पदपूर्ति गर्ने सम्बन्धमा ।

३. विपद व्यवस्थापन समिती पुनर्गठन गर्ने र विपद व्यवस्थापनका सम्बन्धमा ।

४. विगु अस्पताल संचालनका सम्बन्धमा ।

५. पालिकास्तरिय ज्याला तथा निर्माण सामाग्रीहरुको दररेट स्वीकृती सम्बन्धमा ।

६. अस्ट्रेलियाको ब्रिसबेन शहरमा हुने APMCDRR सम्मेलनमा सहभागीको लागि यस गाउँपालिकाका अध्यक्ष श्री संजीव ओलीज्यूलाई स्वीकृत गर्ने सम्बन्धमा ।

७. विगु ५ का धन बहादुर थामीको काठेपुल मर्मतका क्रममा मृत्यू भएकोले मृतकको परिवारलाई राहत रकम उपलब्ध गराउने सम्बन्धमा ।

८. गाउँपालिका स्तरिय विपद राहत मापदण्ड २०७८ स्वीकृत गर्ने सम्बन्धमा ।

९. वन, वातावरण तथा विपद व्यवस्थापन समिती पुनर्गठन गर्ने सम्बन्धमा ।

१०. योजनाहरुको सर्भे तथा डिजाइन लागत अनुमान प्रतिवेदन तेस्रो पक्षबाट गराउने सम्बन्धमा ।

११. एम्बुलेन्सको भाडादर परिमार्जनका सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा विगु गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुमध्ये प्रदेश सरकारबाट प्राप्त अनुदानमा कार्यरत कर्मचारीहरुको यस आर्थिक वर्षमा अनुदान रकम प्राप्त नभएको हुदा उक्त पदका कर्मचारीहरु बाहेकका करार कर्मचारीहरुको करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्यांकन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ बमोजिम कार्य गर्ने गरी करार सेवा अवधि २०७९ असोज मसान्त सम्म म्याद थप गर्ने र त्यस पश्चात सोही मापदण्ड को अनुसूची १ अनुसार कार्यसम्पादन मूल्यांकन फारमको ढाँचा अनुरुप कर्मचारीहरुले विगु गाउँपालिकाको कार्यालयमा पेश गरी कार्यसम्पादन मूल्यांकनको आधारमा मात्र नयाँ अवधिको करार सम्झौता गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा विगु गाउँपालिकामा रिक्त तपसिल बमोजिमका पदमा करार सेवामा कर्मचारी पदपूर्ती गर्ने निर्णय गरियो ।

तपसिल :

१. ईन्जिनियर, छैठौं : १ जना

२. सव ईन्जिनियर, पाचौं : १ जना

३. हलुका सवारी चालक : १ जना

४. हलुका सवारी चालक (एम्बुलेन्स) : १ जना

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा विगु गाउँपालिकामा विपद व्यवस्थापनका लागि विगु गाउँपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ दफा ३ बमोजिम विगु गाउँपालिकाका अध्यक्ष संजीव ओलीको संयोजकत्वमा गाउँ विपद व्यवस्थापन समिति पुनर्गठन गरियो । साथै पदेन सदस्य

बाहेक अन्य सदस्यहरुको हकमा सम्बन्धित निकायहरुमा पत्राचार गरि सो अनुसार मनोनित गरि पुनर्गठन गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा विगु ४ सिंगटीमा सञ्चालित विगु अस्पतालको हालसम्मको कार्यप्रगती सहित थप सञ्चालन गर्न सकिने अथवा नसकिने सम्बन्धमा तपसिलमा उल्लेखित समितिद्वारा अध्ययन गरी १० दिन भित्र प्रतिवेदन पेश गरे पश्चात मात्र थप निर्णय गर्ने निर्णय गरियो ।

तपसिल :

संयोजक : श्री देविका थामी (उपाध्यक्ष)
सदस्य : श्री गोमा के.सी. (सामाजिक विकास समितिको संयोजक)
सदस्य : श्री रामचन्द्र खड्का (४ नं. वडाध्यक्ष)
सदस्य : श्री पुजन प्रसाद अधिकारी (प्रशासन शाखा प्रमुख)

सदस्य सचिव : श्री रत्न बहादुर थामी (स्वास्थ्य शाखा प्रमुख)

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा विगु गाउँपालिकाको आ.व. २०७९।०८० को योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि पालिका स्तरिय ज्याला तथा निर्माण सामाग्रीहरुको दररेट स्वीकृत गरियो ।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा अस्ट्रेलियमा यहि सेप्टेम्वर १९ देखि २१ मा हुन गईरहेको Asian Pacific Ministerial Conference on Disaster Risk Reduction सम्मेलनमा विगु गाउँपालिकाका अध्यक्ष श्री संजीव ओलीज्यू, उपाध्यक्ष श्री देविका थामीज्यू र विपद फोकल पर्सनलाई सहभागीको लागि स्वीकृत गर्ने निर्णय गरियो । साथै मनोनयन पश्चात उक्त सम्मेलनमा सहभागीका लागि लाग्ने खर्च तथा सेवा सुविधा सम्बन्धित संस्थाबाट उपलब्ध नभएको खण्डमा नियमानुसार पाउने सुविधा सहितको खर्च रकम विगु गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा विगु गाउँपालिका वडा नं. ५, चिलंखा स्थायी बसोवास रहेका श्री धन बहादुर थामी काठेपुल मर्मतका क्रममा लडेर घाईते भइ पश्चात मृत्यूभएकोले उक्त मृतकको परिवारलाई राहतस्वरुप जम्मा रु. २५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) प्रदान गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा विगु गाउँपालिका स्तरिय विपद राहत मापदण्ड २०७९ स्वीकृत गरियो।

९. प्रस्ताव नं. ९ उपर छलफल गर्दा विगु गाउँपालिकाको वन, वातावरण तथा विपद व्यवस्थापन समिती तपसिल बमोजिम पुनर्गठन गरियो ।

वन, वातावरण तथा विपद व्यवस्थापन समिती

संयोजक : छिरीङ वाङ्दे शेर्पा (कार्यपालिका सदस्य)
सदस्य : मेम बहादुर तमाङ (१ नं. वडाध्यक्ष)
सदस्य : मैया नेपाली (कार्यपालिका सदस्य)
सदस्य सचिव : स्वास्थ्य शाखा प्रमुख

## विगु गाउँ कार्यपालिकाको मिति २०७९/०४/२५ गतेको प्रस्ताव तथा निर्णयहरु

१०. प्रस्ताव नं. १० उपर छलफल गर्दा गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को लागि स्वीकृत भएका तपसिल बमोजिमका योजनाहरुको सर्भे तथा डिजाइन गरी लागत अनुमान प्रतिवेदन तयार गर्नको लागि तेस्रो पक्षबाट सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रहि सेवा लिने निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | जमुना प्रा.वि. वडा नं. ८ बाट वडा नं. ७ छोइताङग गग्लते ठिङसाङ बाहसिंगे सडक स्तरोन्नती | |
| २ | वडा नं. ३ जामुने भिरमुनी बुलुङ सडक स्तरोन्नती | |
| ३ | वडा नं. २ जगत देउलाङ ओराङ सडक स्तरोन्नती | |

११. प्रस्ताव नं. ११ उपर छलफल गर्दा विगु गाउँपालिकाबाट सञ्चालित एम्बुलेन्सहरुको भाडादर विगु गाउँपालिका भित्रको विरामीहरुको हकमा हाल भएको भाडादरको २० प्रतिशत थप गर्ने र विगु गाउँपालिकाबाहेकका विरामीहरुको हकमा ३० प्रतिशत भाडादर कार्यान्वयन गर्ने निर्णय गरियो ।